# नौगाड गाउँपालिका

## स्थानीय राजपत्र

**खण्डः ४ संख्याः ७७ मितिः २०८२।१०।२५ गते**

## भाग — १

## नौगाड गाउँपालिका स्वास्थ्य सेवा सुदृढीकरण परियोजना

## परियोजना कार्यान्वयन म्यानुअल

## Project Implementation Manual (PIM)

सभामा पेश मितिः २०८२।०९।१८ गते
सभाबाट पारित मितिः २०८२।०९।१८ गते
प्रमाणिकरण मितिः २०८२।०९।१८ गते
राजपत्रमा प्रकाशित मितिः २०८२।१०।२५ गते

नौगाड गाउँपालिका स्वास्थ्य सेवा सुदृढीकरण परियोजना कार्यान्वयन म्यानुअल

# विषय सूचि


परिच्छेद १ः परियोजना कार्यान्वयन म्यानुअल ........ १
- १.२ उद्देश्य ........ १
- १.३ ढाँचा ........ १

परिच्छेद २ः परियोजनाको संक्षिप्त जानकारी ........ २
- २.१ पृष्ठभूमि ........ २
- २.२ परियोजनाको सोच लक्ष्य र उद्देश्य ........ २
- २.३ परियोजनाका सम्भागहरु ........ ३
- २.४ परियोजना मार्फत स्वास्थ्य सेवा सुदृढिकरण ........ ३
- २.५ स्वास्थ्य पूर्वाधार निर्माण ........ ३
- २.६ स्वास्थ्य प्राविधिक जनशक्ति परिचालन ........ ३
- २.७ स्वास्थ्य उपकरण खरिद तथा व्यवस्थापन ........ ८
- २.८ स्वास्थ्य सचेतना कार्यक्रम सञ्चालन ........ ९
- २.९ नौगाड गाउँपालिकाको प्रथम एकीकृत आवाधिक विकास योजना र स्वास्थ्य क्षेत्र ........ ९
  - २.९.१ पृष्ठभूमी ........ ९
  - २.९.२ समस्या तथा चुनौती ........ ९
  - २.९.३ सम्भावना तथा अवसर ........ १०
  - २.९.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ १०
  - २.९.५ मुख्य कार्यक्रम तथा आयोजनाहरू ........ ११
  - २.९.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका अनुमान तथा जोखिम पक्ष ........ १४

परिच्छेद ३ः परियोजना कार्यान्वयनमा स्थानीय तहको भूमिका ........ १७
- ३.१ नौगाड गाउँ कार्यपालिकाको भूमिका ........ १७
- ३.२ गाउँपालिका स्वास्थ्य शाखाको भूमिका ........ १७
- ३.३ स्वास्थ्य संस्था (जए/एजऋत्रऋणको भूमिका ........ १७
- ३.४ समुदाय (ाऋज्ख, आमा समूह, वडास्तरका स्वास्थ्य समितिहरू)को भूमिका ........ १७

परिच्छेद ४ः परियोजनाको आर्थिक स्रोत व्यवस्थापन, दिगोपना र बहिर्गमन ........ १८
- ४.१ आर्थिक स्रोत व्यवस्थापनः ........ १८
- ४.२ परियोजनाको दिगोपना ........ १८
- ४.३ परियोजनाको बहिर्गमन ........ १८

परिच्छेद ५ः विविध ........ १९
- ५.१ परियोजनाको अवधिः ........ १९
- ५.२ अनुगमन तथा मुल्याङ्कनः ........ १९
- ५.३ यसै कार्यविधि बमोजिम हुनेः ........ १९
- ५.४ अमान्य हुनेः ........ १९
- ५.५ बाधा अड्काउ फुकाउ ........ १९
- ५.६ संशोधनः ........ १९


नौगाड गाउँपालिका स्वास्थ्य सेवा सुदृढीकरण परियोजना कार्यान्वयन म्यानुअल

## परिच्छेद १: परियोजना कार्यान्वयन म्यानुअल

नौगाड गाँउपालिका स्वास्थ्यसेवा सुदृढिकरण परियोजनको लागु गरी परियोजनाले परिलक्षित गरेको लक्ष्य हासिल गर्न परियोजना कार्यान्वयन म्यानुअल (Project Implementation Manual-PIM) तयार गरिएको छ। परियोजनाको लागि कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनका विभिन्न चरणहरूको उल्लेख गरी परियोजनाको नतिजामूलक व्यवस्थापनको लागि परियोजना कार्यान्वयन म्यानुअल तयार गरिएको छ। परियोजना कार्यान्वयनको क्रममा भएका सिकाइ तथा देखापरेका समस्या एवं द्विविधाहरु सम्बन्धमा परियोजना निर्देशक समितिबाट भएका निर्णयहरुका आधारमा परियोजना कार्यान्वयन म्यानुअल तयार गरिएको छ। यो म्यानुअल परियोजना कार्यान्वयनको लागि गतिशील मार्गदर्शन हुने भएकोले यसमा समय सापेक्ष परिमार्जन र अद्यावधिक हुँदै जानेछ । यस परियोजना कार्यान्वयन म्यानुअलले परियोजनाले सञ्चालन गर्ने क्रियाकलापको सञ्चालन निर्देशन र प्रक्रियाको निर्धारण गर्नेछ। यसले परियोजना सम्बन्धी आधारभूत सर्वेक्षण, परियोजनाका विभिन्न संभागहरुको निर्धारण, छनौट, कार्यान्वयन, व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन, प्राविधिक सेवा र परियोजना सम्बन्धी विभिन्न कार्यहरुको लागि आवश्यक मार्गदर्शन गर्नेछ । परियोजनाको विभिन्न तह र सम्भाग अन्तर्गत कार्यरत कर्मचारी एवं सरोकारवालाहरुको आवश्यकतालाई ध्यानमा राखी परियोजनाको प्रभावकारी कार्यान्वयनमा टेवा पुन्याउन यो परियोजना कार्यान्वयन म्यानुअल तयार गरिएको छ ।

### १.२ उद्देश्य

प्रभावकारी कार्यान्वयन मार्फत परियोजनाले परिलक्षित गरेका लक्ष्य हासिल गर्न स्पष्ट मार्गदर्शन गर्नु यस म्यानुअलको उद्देश्य रहेको छ। यसले स्वास्थ्य शाखा, आधारभूत अस्पताल, स्वास्थ्य चौकी आधारभूत स्वास्थ्य सेवाकेन्द्र सामूदायकि स्वास्थ्य इकाइ र परियोजनाका सरोकारवालाहरुको परियोजनाप्रतिको बुझाईमा एकरुपता ल्याई क्षमता अभिवृद्धि गर्नेछ । परियोजना कार्यान्वयन म्यानुअलले परियोजना व्यवस्थापन समुह र कार्यान्वयन साझेदारहरुलाई योजना निर्माण, कार्यान्वयन, सुपरिवेक्षण, अनुगमन र मूल्याङ्कन कार्यको लागि आवश्यक मार्गदर्शन गर्नेछ। यस म्यानुअलले सूचना प्रणालीको उपयोग, अनुगमन तथा मूल्याङ्कन र परियोजनाको सिकाइको अभिलेखीकरणको लागि समेत महत्वपूर्ण कार्य गर्नेछ ।

### १.३ ढाँचा

यस म्यानुअलमा ५ परिच्छेद रहेका छन्। यसमा म्यानुअल सम्बन्धी संक्षिप्त जानकारी, उद्देश्य र ढाँचा, परियोजनाको संक्षिप्त परिचय, परियोजना सञ्चालनमा स्थानीय तहको जिम्मेवारी, परियोजनाका सम्भाग कार्यान्वयन प्रक्रिया, परियोजना नतिजा अनुगमन तथा मूल्याङ्कन प्रक्रिया, उपलब्ध हुने सहजीकरण सेवा सुविधाहरु, आर्थिक स्रोत व्यवस्थापन, परियोजनाको दिगोपना र बहिर्गमन, विविध एवं परियोजनासँग सम्बन्धित विभिन्न अनुसूचीहरु समावेश गरिएका छन ।

## परिच्छेद २: परियोजनाको संक्षिप्त जानकारी

२.१ पृष्ठभूमि:

नौगाड गाउँपालिकाको भूगोल अत्यन्त कठिन रहेको नौगाड नदिको आसपास हुदै सडक सञ्जाल जोडिएको भए पनि यस क्षेत्रका बस्तिहरु सडकमार्गबाट टाढाटाढा अवस्थित छन। जस्तोजुसै भौगोलिक अवस्था भएता पनि आधारभूत स्थास्थ्य  सेवा पाउनु नागरिकहरुको संवैधानिक हक रहेको, प्रचलित सङ्घीय तथा प्रादेशिक स्वास्थ्य सम्बन्धी नीति तथा योजना, कार्यक्रम, कानुन र मापदण्डले यस क्षेत्रका नागरिक हरुमा स्वास्थ्य सेवा पुर्याउन असम्भव जस्तै छ। स्थानीय सरकारको सहयोग विना आधाभूत स्वास्थ्य सेवामा सर्वसुलभ र प्रभावकारी पहुच पुर्याउन कठिन छ। स्वास्थ्य क्षेत्रमा भौतिक पूर्वाधार विकास, स्वास्थ्य उपकरण व्यवस्थापन र औषधी खरिद कार्य स्थानीय सरकारले गर्नुपर्ने वाध्यता छ।  स्वास्थ्य सगँ सम्बन्धित दिगो विकासका लक्ष्यमा टेवा पुर्याउन राष्ट्रिय सावास्थ्य नीति २०७६ को कार्यान्वयनमा सहयोग पुर्याउन र सघीय तथा प्रादेशिक स्वास्थ्यक्षेत्र सँग सम्बन्धित सर्शत तथा स्वास्थ्य विशेष कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने आवश्यकता छ। १६ औ आवाधिक योजना सुदूरपश्चि प्रदेशको पहिलो आवधिक योजना र यस गाउँपालिकाकको  प्रथम एकीकृत आवाधिक विकास योजनामा रहेका स्वास्थ्य सँग सम्बन्धित कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्न र लक्ष्य तथा उद्देश्य हासिल गर्न योगदान दिन नौगाड गाउँपालिका स्तरीय स्वास्थ्य सेवा सुदृढिकरण परियोजना लागु गर्नु आवश्यक छ ।

२.२ परियोजनाको सोच लक्ष्य र उद्देश्य

**सोच:** आधारभूत स्वास्थ्य सेवामा सबै नागरिकको सहज र सर्वसुलब पहुँच।

**लक्ष्य:** नेपाल सरकारले प्रदान गर्ने निदानात्मक, प्रवर्द्धनात्मक र प्रतिरोधात्कम स्वास्थ्य सेवाहरुमा सबैको पहुच अभिवृद्धि भएको हुनेछ।

**उद्देश्य**

१. आधारभूत स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गर्ने,
२. स्वास्थ्य क्षेत्रमा लगानी बढाई सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा प्रवर्द्धन गर्ने,
३. स्थानीय तहमा स्वास्थ्य पूर्वाधारको  अवस्था सुदृढीकरण गर्न,
४. प्राथमिक स्वास्थ्य सेवा गुणस्तर सुधार गर्न,
५. स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धि गर्न,
६. समुदाय स्तरमा स्वास्थ्य सचेतना विस्तार गर्न,
७. मातृ-शिशु स्वास्थ्य, पोषण तथा सरसफाइमा सुधार गर्न,

८. संस्थागत प्रसुतीसेवा बढाउन,
९. संघीय तथा प्रादेशिक स्वास्थ्य कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्न,
१०. दुर्गम वस्तिहरुमा घुम्ती चिकित्सकीय सेवा उपलव्ध गराउने,
११. समावेशी र समतामूलक स्वास्थ्य सेवा प्रवाह गर्ने ।

२.३ परियोजनाका सम्भागहरु

क. स्वास्थ्य पूर्वाधार निर्माण
ख. स्वास्थ्य जनशक्ति व्यवस्थापन
ग. स्वास्थ्य उपकरण खरिद तथा व्यवस्थापन
घ. औषधी खरिद तथा व्यवस्थापन
ङ. स्वास्थ्य सचेतना कार्यक्रम

२.४ परियोजना मार्फत स्वास्थ्य सेवा सुदृढिकरण

पछिल्लो अवस्थामा गाँउपालिकाले सामाजिक क्षेत्रलाई पहिलो प्राथमिकता तोकी नीति योजना तथा कार्यक्रमहरु सञ्चालन गर्ने आइरहेको छ। फलस्वरुप स्वास्थ्य क्षेत्रमा पनि यसको प्रभाव देखिन थालेको छ। तथापि सङ्घीय ऐन कानुन, अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पटक पटकको सुझाव तथा निर्देशन र सुदूरपश्चिम प्रदेश स्थानीय सेवा गठन तथा सञ्चालन ऐन २०८१ बमोजिम स्वीकृत दरबन्दी भन्दा बढी करार सेवामा जनशक्ति व्यवस्थापन गर्न नसिकिने अवस्थालाई मध्यनजर गर्दै नौगाड गाउँपलिकाको पहिलो आवाधिक योजनाले अंगिकार गरेका रणनीतिहरुलाई कार्यान्वयन गर्दै स्वास्थ्य सेवा सुदृढिकरण गर्ने

२.५ स्वास्थ्य पूर्वाधार निर्माण

जामिर आधारभूत अस्पतालमा घेरवार निर्माण लगायतका अन्य पूर्वाधारहरु निर्माण गर्ने, इयरकोट, सिप्टी धुलिगडा स्वास्थ्य चौकी हरुको भवन मर्मत सम्भार गर्ने र सुण्डमुण्ड र समैजी आधारभूत स्वास्थ्य सेवाकेन्द्रलाई स्वास्थ्य चौकिमा स्तरोन्नती गर्न आवश्यक संरचना निर्माण गर्ने गडिगाड र मानाकोट सामुदायिक स्वास्थ्य इकाइलाई आधारभूत स्वास्थ्य सेवा केन्द्रमा स्तरोन्नती गर्ने यसै गरी चौरीगाउ, होपरी, रैचु र डाडाँ सामुदायिक स्वास्थ्य इकाइहरुमा आवश्यक संरचनाहरु निर्माण गर्ने ।

२.६ स्वास्थ्य प्राविधिक जनशक्ति परिचालन

परियोजनाको सफल कार्यान्वयनका लागि देहाय बमोजिमको स्वास्थ्य जनशक्ति आवश्यक पर्ने देखिन्छ जसको परिपुर्ति स्थायी तथा करार सेवाबाट गरिनेछ ।

क) आधारभूत अस्पताल जामिर

| क्र स | रिक्त पद | सेवा | समूह | सख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | मेडिकल अधिकृत | स्थानीय स्वास्थ्य | ज हे स | २ | |
| २ | स्टाफ नर्स | स्थानीय स्वास्थ्य | जनरल नर्सिङ | ५ | |
| ३ | हेल्थ असिस्टेन्ट | स्थानीय स्वास्थ्य | हे इ | ३ | |
| ४ | अनमी | स्थानीय स्वास्थ्य | क न | ३ | |
| ५ | अहेव | स्थानीय स्वास्थ्य | हे इ | ३ | |
| ६ | कविराज आर्युवेद सहायक | स्थानीय स्वास्थ्य | आयुर्वेद | १ | |
| ७ | ल्याव टेक्नेसियन | स्थानीय स्वास्थ्य | मेडिकल टेक्नोलोजी | १ | |
| ८ | ल्याव असिस्टन्ट | स्थानीय स्वास्थ्य | मेडिकल टेक्नोलोजी | १ | |
| ९ | रेडियो ग्राफर | स्थानीय स्वास्थ्य | रेडियोग्राफी | १ | |
| १० | फार्मेसी सहायक | स्थानीय स्वास्थ्य | फार्मेसी | १ | |
| ११ | डेण्डल हाइजिनिस्ट | स्थानीय स्वास्थ्य | डेन्टस्ट्री | १ | |
| १२ | सहायक कम्प्युटर अपरेटर | स्थानीय विविध | विविध | १ | |
| १३ | कार्यालय सहयोगी | स्थानीय प्रशासन | सामान्य प्रशासन | २ | |
| १४ | सरसफाइ कर्मी | स्थानीय प्रशासन | सामान्य प्रशासन | २ | |
| १५ | पाले | स्थानीय प्रशासन | सामान्य प्रशासन | २ | |

**ख) इयरकोट स्वास्थ्य चौकी (वडा न १)**

| क्र स | रिक्त/ आवश्यक पद | सेवा | समूह | सख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | अनमी | स्थानीय स्वास्थ्य | क न | १ | |
| २ | ल्याव असिस्टेण्ट | स्थानीय स्वास्थ्य | मे टे | १ | |
| ३ | कार्यालय सहयोगी | स्थानीय प्रशासन | सा प्र | १ | |
| ४ | सरसफाइ कर्मी | स्थानीय प्रशसन | सा प्र | १ | प्रसुतिसेवासञ्चालनमा रहेकोले अतिआवश्यक |

नौगाड गाउँपालिका स्वास्थ्य सेवा सुदृढीकरण परियोजना कार्यान्वयन म्यानुअल

### ग) सुण्डमुण्ड आधारभूत स्वास्थ्य सेवा केन्द्र (वडा न २) नयाँ वडा रहेको

| क स | रिक्त/ आवश्यक पद | सेवा | समूह | सख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | अनमी | स्थानीय स्वास्थ्य | क न | २ | वर्थिङ सेण्टर सञ्चालनमा रहेकोले अतिआवश्यक |
| २ | अहेव | स्थानीय स्वास्थ्य | हे इ | १ | |
| ३ | ल्याव असिस्टेण्ट | स्थानीय स्वास्थ्य | मे टे | १ | |
| ४ | कार्यालय सहयोगी | स्थानीय प्रशासन | सा प्र | १ | |
| ५ | सरसफाइ कर्मी | स्थानीय प्रशसन | सा प्र | १ | वर्थिङ सेण्टर सञ्चालनमा रहेकोले अतिआवश्यक |

### घ) खार स्वास्थ्य चौकी (वडा न ३)

| क स | रिक्त/ आवश्यक पद | सेवा | समूह | सख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | अनमी | स्थानीय स्वास्थ्य | क न | १ | |
| २ | ल्याव असिस्टेण्ट | स्थानीय स्वास्थ्य | मे टे | १ | |
| ३ | कार्यालय सहयोगी | स्थानीय प्रशासन | सा प्र | १ | |
| ४ | सरसफाइ कर्मी | स्थानीय प्रशसन | सा प्र | १ | प्रसुतिसेवासञ्चालनमा रहेकोले अतिआवश्यक |

### ङ) सिप्टी स्वास्थ्य चौकी (वडा न ४)

| क स | रिक्त पद/ आवश्यक पद | सेवा | समूह | सख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | अनमी | स्थानीय स्वास्थ्य | क न | २ | |
| २ | ल्याव असिस्टेण्ट | स्थानीय स्वास्थ्य | मे टे | १ | |
| ३ | सरसफाइ कर्मी | स्थानीय प्रशसन | सा प्र | १ | वर्थिङ सेण्टर सञ्चालनमा रहेकोले अतिआवश्यक |

नौगाड गाउँपालिका स्वास्थ्य सेवा सुदृढीकरण परियोजना कार्यान्वयन म्यानुअल

च) समैजी आधारभूत स्वास्थ्य सेवा केन्द्र (वडा न ५) नया वडा रहेको

| क स | रिक्त पद/ आवश्यक पद | सेवा | समूह | सख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | अनमी | स्थानीय स्वास्थ्य | क न | २ | वर्थिङ सेण्टर सञ्चालनमा रहेकोले अतिआवश्यक |
| २ | अहेव | स्थानीय स्वास्थ्य | हे इ | १ | |
| ३ | ल्याव असिस्टेण्ट | स्थानीय स्वास्थ्य | मे टे | १ | |
| ४ | कार्यालय सहयोगी | स्थानीय प्रशासन | सा प्र | १ | |
| ५ | सरसफाइ कर्मी | स्थानीय प्रशसन | सा प्र | १ | वर्थिङ सेण्टर सञ्चालनमा रहेकोले अतिआवश्यक |

छ) धुलिगाडा आधारभूत स्वास्थ्य सेवा केन्द्र (वडा न ६)

| क स | रिक्त पद/ आवश्यक पद | सेवा | समूह | सख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | अनमी | स्थानीय स्वास्थ्य | क न | २ | |
| २ | ल्याव असिस्टेण्ट | स्थानीय स्वास्थ्य | मे टे | १ | |
| ३ | कार्यालय सहयोगी | स्थानीय प्रशासन | सा प्र | १ | |
| ४ | सरसफाइ कर्मी | स्थानीय प्रशसन | सा प्र | १ | वर्थिङ सेण्टर सञ्चालनमा रहेकोले अतिआवश्यक |

ज) वर्थिङ सेण्टर सञ्चालन भएको मानाकोट सामुदायिक स्वास्थ्य इकाइ (वडा न १)

| क स | आवस्यक पद | सेवा | समूह | सख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | अनमी | स्थानीय स्वास्थ्य | क न | २ | |
| २ | अहेव | स्थानीय स्वास्थ्य | सा प्र | १ | |
| ३ | कार्यालय सहयोगी | स्थानीय प्रशासन | सा प्र | १ | |
| ४ | सरसफाइ कर्मी | स्थानीय प्रशसन | सा प्र | १ | वर्थिङ सेण्टर सञ्चालनमा रहेकोले अतिआवश्यक |

झ) वर्थिङ सेण्टर सञ्चालन भएको गडिगाड सामुदायिक स्वास्थ्य इकाइ (वडा न ६)

| क स | आवस्यक पद | सेवा | समूह | सख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | अनमी | स्थानीय स्वास्थ्य | क न | २ | |
| २ | अहेव | स्थानीय स्वास्थ्य | सा प्र | १ | |
| ३ | कार्यालय सहयोगी | स्थानीय प्रशासन | सा प्र | १ | |
| ४ | सरसफाइ कर्मी | स्थानीय प्रशसन | सा प्र | १ | वर्थिङ सेण्टर सञ्चालनमा रहेकोले अतिआवश्यक |

ञ) सेराधार सामुदायिक स्वास्थ्य इकाइ डाडा (वडा न १)

| क स | आवस्यक पद | सेवा | समूह | सख्या | कैफियत |
|---|---|---|---|---|---|
| २ | अहेव | स्थानीय स्वास्थ्य | हे अ | १ | |
| ३ | कार्यालय सहयोगी | स्थानीय प्रशासन | सा प्र | १ | |

ट) चौरीगाउँ सामुदायिक स्वास्थ्य इकाइ (वडा न २)

| क स | आवस्यक पद | सेवा | समूह | सख्या | कैफियत |
|---|---|---|---|---|---|
| **१** | **अहेव** | स्थानीय स्वास्थ्य | **हे अ** | **१** | |
| २ | अनमी | स्थानीय स्वास्थ्य | क न | १ | |
| ३ | कार्यालय सहयोगी | स्थानीय प्रशासन | सा प्र | १ | |

ठ) होपरी सामुदायिक स्वास्थ्य इकाइ (वडा न ४)

| क स | आवस्यक पद | सेवा | समूह | सख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | अनमी | स्थानीय स्वास्थ्य | क न | १ | |
| २ | अहेव | स्थानीय स्वास्थ्य | हे अ | १ | |
| ३ | कार्यालय सहयोगी | स्थानीय प्रशासन | सा प्र | १ | |

ड) डाडा सामुदायिक स्वास्थ्य इकाइ (वडा न ४)

| क स | आवस्यक पद | सेवा | समूह | सख्या | कैफियत |
|---|---|---|---|---|---|
| २ | अहेव/अनमी | स्थानीय स्वास्थ्य | हे अ | १ | |
| ३ | कार्यालय सहयोगी | स्थानीय प्रशासन | सा प्र | १ | |

**ढ) खालिडाडा सामुदायिक स्वास्थ्य इकाइ डाडा (वडा न ६)**

| क स | आवस्यक पद | सेवा | समूह | सख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | अहेव/ अनमी | स्थानीय स्वास्थ्य | हे अ | १ | |
| २ | कार्यालय सहयोगी | स्थानीय प्रशासन | सा प्र | १ | |

**ण) डाडा सामुदायिक स्वास्थ्य इकाइ डाडा (वडा न ६)**

| क स | आवस्यक पद | सेवा | समूह | सख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | अहेव/अनमी | स्थानीय स्वास्थ्य | हे अ | १ | |
| २ | कार्यालय सहयोगी | स्थानीय प्रशासन | सा प्र | १ | |

**त) रैचु सामुदायिक स्वास्थ्य इकाइ (वडा न ६)**

| क स | आवस्यक पद | सेवा | समूह | सख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | अनमी | स्थानीय स्वास्थ्य | क न | १ | |
| २ | अहेव | स्थानीय स्वास्थ्य | हे अ | १ | |
| ३ | कार्यालय सहयोगी | स्थानीय प्रशासन | सा प्र | १ | |

२.७ स्वास्थ्य उपकरण खरिद तथा व्यवस्थापन

जामिर आधारभूत अस्पतालमा नेपाल सरकारले तोकेका निशुल्क औषधीका अतिरिक्त अस्पतालले माग गरे बमोजिममा सशुल्क औषधीहरु रहने गरी अस्पतालको आफ्नै फार्मेशी सञ्चालन गरिनेछ। औषधिको अभावहुन दिइने छैन। त्यसै गरी स्वास्थ्य शाखा मार्फत सवै स्वास्थ्य संस्थाहरुमा नेपाल सरकारले तोकेका निशुल्क औषधीहरु को नियमित रुपमा पठाउने व्यवस्था मिलाउने छ। जसका लागि प्रति आर्थिक वर्ष रु १ करोड बजेट आवश्यक पर्ने छ।

जामीर आधारभूत अस्पतालमा आवश्यक स्वास्थ्य उपकरणहरु सघ तथा प्रदेश सरकार बाट समेत माग गरि न्युन हुन गएका स्वास्थ्य उपकरण हरु खरिद गरि आधारभूत स्वास्थ्य सेवा सुविधा सम्पन्न अस्पतालका रुपमा विकास गरिनेछ।

अन्य स्वास्थ्य संस्थाहरुमा आधारभूत स्वास्थ्य सेवा उपलव्ध गराउन आवश्यक पर्ने स्वास्थ्य उपकरणहरुको अभाव हुन नदिने गरी व्यवस्थापन गरिनेछ।

मौगाड गाउँपालिका स्वास्थ्य सेवा सुदृढीकरण परियोजना कार्यान्वयन म्यानुअल

२.८ स्वास्थ्य सचेतना कार्यक्रम सञ्चालन

नौगाड गाउँपालिका भर समय समयमा स्वास्थ्य सस्थाहरु मार्फत र सञ्चार माध्यममार्फत स्वास्थ्य सचेतना कार्यक्रम लागु गरिनेछ।

नौगाड गाउँपालिकाका दुर्गम बस्तिहरुमा समय समयमा चिकित्सकिय सेवा सहितको घुम्ती स्वास्थ्य सेवा उपलव्ध गराइने छ।

२.९ नौगाड गाउँपालिकाको प्रथम एकीकृत आवाधिक विकास योजना र स्वास्थ्य क्षेत्र

२.९.१ पृष्ठभूमी

नेपालको संविधान २०७२ ले स्वास्थ्यलाई मौलिक हकको रूपमा राखेको छ । धारा ३५ मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क पाउने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन भनी स्पष्ट उल्लेख छ ।संविधानले भेदभावविना स्वास्थ्य सेवामा समान पहुँचमा जोड दिएको छ र स्वास्थ्य सेवा जोखिममा परेका र सीमान्तकृत समूहलगायत सबै व्यक्तिको पहुँचमा हुनेछ भनी सुनिश्चित गरेको छ।

राष्ट्रिय स्वास्थ्य नीति २०७६ ले गुणस्तरीय स्वास्थ्य सेवामा समान पहुँचलाई जोड दिँदै विश्वव्यापी स्वास्थ्य कभरेज प्रदान गर्ने लक्ष्य राखेको छ। मुख्य उद्देश्यहरूमा मातृ र बाल स्वास्थ्य सुधार, सरूवा र नसर्ने रोगहरूको रोकथाम र नियन्त्रण, र स्वास्थ्य पूर्वाधारको वृद्धि आदि छन् ।सार्वजनिक स्वास्थ्य सेवा ऐनले निवारक, प्रवर्द्धनात्मक, उपचारात्मक र पुनर्स्थापना स्वास्थ्य सेवाहरूमा ध्यान केन्द्रित गर्दै सार्वजनिक स्वास्थ्य सेवाहरू उपलब्ध गराउने सरकारको जिम्मेवारीहरू स्पष्ट गरेको छ। यसले अत्यावश्यक औषधिको उपलब्धता र विभिन्न प्रशासनिक तहमा स्वास्थ्य संस्थाहरूको स्थापनालाई अनिवार्य गर्दछ।

त्यसैगरी १५ औं राष्ट्रिय योजनामा सुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवाको सुनिश्चित गर्ने पक्षलाई दीर्घकालीन राष्ट्रिय रणनीतिको रूपमा ग्रहण गरिएको छ भने औसत आयु वृद्धि गर्ने, गुणस्तरीय स्वास्थ्य सेवामा नागरिकको समतामूलक पहुँच एवं उपभोग सुनिश्चित गर्ने, स्वस्थ, सवल, उत्पादनशील, एवं सुखी र स्वास्थ नागरिक बनाउने परिकल्पना समेत भएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार आधारभूत स्वास्थ्य, प्रजनन स्वास्थ्य, पोषण सेवा, महिला तथा बालबालिकाको कुपोषण, परिवार नियोजन तथा मातृशिशु कल्याण एवं रक्तसञ्चार सेवा सञ्चालन, ग्रामीण तथा शहरी स्वास्थ्य सेवा स्थापना, सञ्चालन र स्वास्थ्य सम्बन्धी पूर्वाधार निर्माण, जनचेतनाको अभिवृद्धि गर्ने जिम्मेवारीहरू स्थानीय तहमा निहित गरिएको छ ।

२.९.२ समस्या तथा चुनौती

६ वटै वडामा बर्थिङ सेन्टर सन्चालनमा रहेतापनि दक्ष प्रसूतिकर्मी अभाव छ । पर्याप्त भवन, कोठाहरू र सामग्रीहरूको अभाव, घुम्ति शिविर तथा गाउँघर जनस्वास्थ्य सेवाका लागि कार्यक्रम नहुनु, स्वास्थ्य कर्मी तथा सरसफाइ कर्मीहरूलाई क्षमता अभिबृद्धि तालिम नहुनु स्वास्थ्य क्षेत्रका विशेष समस्याहरू हुन् ।

स्वास्थ्य संस्थाहरूमा पूर्वाधार विकास, उपकरणहरू व्यवस्था र दक्ष चिकित्सकको व्यवस्था गर्नु, योग्य स्वास्थ्य विज्ञहरू आकर्षित गर्ने र निरन्तर कायम गर्नु, धेरै मानिसहरूलाई सहभागि गराइ पुर्णा खोप सुनिश्चित गर्नु, प्रभावकारी स्वस्थ्य अभियानहरू सञ्चालन गर्नु, दुर्गम स्वास्थ्य-चौकीहरूमा औषधि र चिकित्सा उपकरणहरूको निरन्तर आपूर्ति सुनिश्चित गर्न यातायात कठिनाइहरू सहज बनाउनु मुख्य चुनौती रहेका छन् ।

२.९.३ सम्भावना तथा अवसर

त्यस्तै टेलिमेडिसिन सेवाहरू लागू गर्नाले टाढाका बिरामीहरू र स्वास्थ्य सेवा प्रदायकहरूबीचको खाडललाई कम गर्न सकिन्छ । सरकारी र गैरसरकारी संस्थाहरूसँग सहकार्य र साझेदारीता अभिवृद्धि गर्न सकिने, सडक र सञ्चार सञ्जालहरू सुधार गर्ने उद्देश्यका विकास परियोजनाहरू कार्यान्वयन गर्न सकिने र सामुदायिक स्वास्थ्य बीमा योजनाहरू लागु गर्न सकिने जस्ता प्रमुख सम्भावना र अवसरहरू पनि रहेका छन् ।

२.९.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

| | |
|---|---|
| लक्ष्य | नेपाल सरकारले प्रदान गर्ने निदानात्मक, प्रवर्द्धनात्मक, प्रतिरोधात्मक स्वास्थ्य सेवाहरूमा सबैको पहुच अभिवृद्धि भएको हुनेछ । |
| उद्देश्य | १ आधारभूत स्वास्थ्य सेवामा सबैको पहुच सुनिश्चत गर्ने ।<br>२ स्वास्थ्य क्षेत्रमा लगानी बढाइ सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा प्रवर्द्धन गर्ने । |
| रणनीतिहरू | १ गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज पहुँच हुने गरी प्रभावकारी सेवा उपलब्ध गराउने<br>२ पालिकाभित्रका सबै स्वास्थ्य संस्थामा तोकिए बमोजिमका स्वास्थ्यकर्मीहरूको प्रबन्ध मिलाउने<br>३ स्वास्थ्य क्षेत्रको विकासका लागि बहुआयामिक साझेदारीता रणनीति अख्तियार गर्ने |
| कार्यनीतिहरू | रणानीति १ का कार्यनीति<br>• आवश्यकता अनुसार एम्बुलेन्स, औषधी, उपकरण र दक्ष स्वास्थ्यकर्मी सहितको प्रभावकारी एवम् जवाफदेहीपूर्ण स्वास्थ्य सेवा प्रणाली विकास गरिनेछ ।<br>• गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच पुर्‍याउन स्वास्थ्य बीमा कार्यक्रम लागु गरिनेछ।<br>• सर्ने र नसर्ने रोगका बारेमा प्रवर्द्धनात्मक, निरोधात्मक र उपचारात्मक कार्यक्रमहरू |
| | रणानीति २ का कार्यनीति |

नौगाड गाउँपालिका स्वास्थ्य सेवा सुदृढीकरण परियोजना कार्यान्वयन म्यानुअल

| | |
|---|---|
| | • निजी र गैरसरकारी क्षेत्रमा स्वास्थ्य सम्बन्धी अध्ययन, अनुसन्धान र सेवा प्रवाहका क्षेत्रमा सहकार्यको स्पष्ट मोडालिटी लागु गरिनेछ ।<br>• स्वास्थ्य क्षेत्रमा सुशासन कार्ययोजना बनाइ लागु गरिनेछ ।<br>• स्वास्थ्य कर्मीहरूका लागि तालिम कार्यक्रम सञ्चालन गरिनेछ । |
| | रणनीति ३ का कार्यनीति<br>• आवश्यक औषधि र उपकरणको नियमित आपूर्ति सुनिश्चित गर्न राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्थाहरूसँग साझेदारी गरिनेछ।<br>• डिजिटल स्वास्थ्य सेवाको कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।<br>• मातृ तथा बाल स्वास्थ्य, पोषण, सरसफाइ केन्द्रित व्यापक स्वास्थ्य शिक्षा अभियानहरू सञ्चालन गरिनेछ ।<br>• स्वास्थ्य प्रवर्द्धन गतिविधिहरूमा समुदायका नेताहरू र स्थानीय स्वयंसेवकहरूलाई संलग्न गराइनेछ। |
| | |

२.९.५ मुख्य कार्यक्रम तथा आयोजनाहरू

**तालिका १ आधारभूत स्वास्थ्य क्षेत्रको कार्यक्रम तथा आयोजनाहरू**

| कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू लाखमा) | | | | | | दिविल संकेत | लैङ्गिक संकेत | जलवायु संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व. | पाँचौ आ.व. | जम्मा | | | |
| सबै स्वास्थ्य संस्थामा इन्टरनेट जडान गर्ने | प्रतिशत | ७५ | १ | १ | १ | १ | १ | ५ | ३ | १ | २ |
| सबै स्वास्थ्य संस्थामा भवन फर्निचरको | प्रतिशत | ९० | ३ | ३ | ३ | ३ | ३ | १५ | ३ | १ | २ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| राम्रो प्रबन्ध गर्ने | | | | | | | | | | | |
| स्वास्थ्य संस्थाका जीर्ण भवनहरू मर्मत गर्ने | संख्या | १६ | १० | १० | १० | १० | १० | ५० | ३ | १ | २ |
| स्वास्थ्य संस्थामा एम्बुलेन्सको व्यवस्था गर्ने | वटा | २ | ० | ० | १ | ० | १ | २ | ३ | १ | २ |
| सबै स्वास्थ्य संस्थामा खोपको उचित प्रबन्ध गर्ने | प्रतिशत | १०० | २ | २ | २ | २ | २ | १० | ३ | १ | २ |
| आधारभूत अस्पतालमा दक्ष चिकित्सक र सबै स्वास्थ्य संस्थामा कर्मचारीहरू को व्यवस्था गर्ने | सख्या | ६० | २५० | २५० | २५० | २५० | २५० | १२५० | ३ | १ | २ |
| सबै स्वास्थ्य संस्थामा E-HMIS तथा इ स्वास्थ्य सेवा सञ्चालन गर्ने | संख्या | १६ | १ | १ | १ | १ | १ | ५ | ३ | १ | २ |
| सबै स्वास्थ्य संस्थामा | प्रतिशत | १०० | ५० | ५० | ५० | ५० | ५० | २५० | ३ | १ | २ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पर्याप्त औषधि उपलब्ध गराउने | | | | | | | | | | | |
| सबै स्वास्थ्य संस्थामा ल्याव, एक्से मेसिन, अन्य उपकरणको व्यवस्थागर्ने | सख्या | ७ | ० | २० | २० | २० | २० | १०० | ३ | १ | २ |
| सबै स्वास्थ्य संस्थामा कमर्चारी आवास गृहको व्यवस्था गर्ने | संख्या | ७ | ५ | ५ | ५ | ५ | ५ | २५ | ३ | १ | २ |
| जनस्वास्थ्य शिक्षा, स्वास्थ्यकर्मी क्षमता अभिबृद्धि र स्क्रिनिङ कार्यक्रम | संख्या | ५ | १० | १० | १० | १० | १० | ५० | ३ | १ | २ |
| जम्मा | | | ३३२ | ३५२ | ३५३ | ३५२ | ३५३ | १७४२ | | | |

२.९.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका अनुमान तथा जोखिम पक्ष

**आधारभूत स्वास्थ्य क्षेत्रको नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | इकाइ | आधार वर्षको २०८०।८१ | योजना अवधिको लक्ष्य | | | पुष्ट्याइको स्रोत | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | | |
| प्रभाव | नेपाल सरकारले प्रदान गर्ने निदानात्मक, प्रवर्द्धनात्मक, प्रतिरोधात्मक स्वास्थ्य सेवाहरूमा सबैको पहुँच अभिवृद्धि भएको हुनेछ | पुर्णा खोपयुक्त पालिका घोषणा | प्रतिशत | १०० | १०० | १०० | १०० | सामाजिक विकास शाखाको प्रतिवेदन | वित्तीय व्यवस्थापनमा कठिनाइ, बिकटता, बाहिरबाट स्वास्थ्य जनशक्ति जान नमान्ने, औषधिकोअभाव, स्वयंसेवक परिचालनमा वित्तीय समस्या |
| | | स्थानीय स्वास्थ्य संस्थामा उपचार गराएर घर फर्कने जनसंख्या | प्रतिशत | २० | २५ | ५० | ७० | | |
| | | मातृशिशु स्वास्थ्य सेवा | प्रतिशत | २५ | ३० | ६० | ८० | | |
| असर | सबै नागरिकलाई सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा प्रवर्द्धन गरिनेछ | ३० मिनेटको पैदल दुरीमा स्वास्थ्य सेवा पहुँच पुगेको जनसंख्या | प्रतिशत | ३५ | ४० | ६० | ८० | | |
| | | आधारभूत स्वास्थ्य सेवामा पहुँच | प्रतिशत | ६० | ७० | ८० | ९५ | | |

| नतिजा तह | नतिजा | सूचक | इकाइ | आधार वर्षको २०८०।८१ | योजना अवधिको लक्ष्य | | | पुष्ट्याइको स्रोत | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | | |
| | | पुगेको जनसंख्या | | | | | | | |
| प्रतिफल | पालिका भित्रका सबै स्वास्थ्य संस्थामा तोकिए बमोजिमका स्वास्थ्यकर्मीहरूको प्रबन्ध मिलाउने | स्वास्थ्य संस्थाको संख्या स्वस्थ्य चिकित्सकको संख्या | संख्या संख्या | ४५ | ५० | ६० | १०० | | |
| | आवश्यकता अनुसार एम्बुलेन्स, औषधी, उपकरण र दक्ष स्वास्थ्यकर्मी सहितको प्रभावकारी एवम् जवाफदेहीपूर्ण स्वास्थ्य सेवा प्रणाली विकास गरिनेछ । | एम्बुलेन्स संख्या | संख्या | ० | २ | ० | ० | | |
| | | स्वास्थ्य संस्था भवन र उपकरण भएको संख्या | संख्या | १ | ६ | ० | ० | | |
| | स्वास्थ्य बिमा कार्यक्रम लागु गरिनेछ । | बिमामा संलग्न | प्रतिशत | ० | २० | ४० | ७० | | |

| नतिजा तह | नतिजा | सूचक | इकाइ | आधार वर्षको २०८०।८१ | योजना अविधको लक्ष्य | | | पुष्टयाइको स्रोत | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | | |
| | | परिवार संख्या बिमाको प्रभावकारीता | | | | | | | |

नौगाड गाउँपालिका स्वास्थ्य सेवा सुदृढीकरण परियोजना कार्यान्वयन म्यानुअल

परिच्छेद ३ः परियोजना कार्यान्वयनमा स्थानीय तहको भूमिका

३.१ नौगाड गाउँ कार्यपालिकाको भूमिका

- वार्षिक स्वास्थ्य कार्यक्रमहरुको नीति, मापदण्ड र निर्देशिका बनाउने
- बजेट विनियोजन, कार्यक्रम स्वीकृति र नीति निर्देशन
- स्वास्थ्य शाखा आधारभूत अस्पताल तथा स्थानीय स्वास्थ्य संस्थासँग समन्वय
- स्वास्थ्य सेवा प्रवाह र कार्यक्रमको अनुगमन, मूल्याकन तथा प्रोत्साहन

३.२ गाउँपालिका स्वास्थ्य शाखाको भूमिका

- कार्यक्रम संचालनको प्राविधिक नेतृत्व गर्ने
- स्वास्थ्य संस्थाबाट प्राप्त तथ्याकं व्यवस्थापन गर्ने
- नियमित अनुगमन, समीक्षा र रिपोर्टिङ गर्ने
- स्वास्थ्य सँस्थाहरु सग नियमित सम्पर्क समन्वय र सहजिकरण गर्ने

३.३ स्वास्थ्य संस्था (HP/PHCC)को भूमिका

- गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह, स्वास्थ्य अभिलेख व्यवस्थापन गर्ने
- समूदाय स्तरमा स्वास्थ्य सचेतना कार्यक्रमहरु सञ्चालन गर्ने
- HMIS रिपोर्टिङ गर्ने/गराउने
- मातहतका स्वास्थ्य सस्थाहरु सँग समन्वय सहिजिकरण
- महिला स्वास्थ्य स्वयम सेविकाहरुलाई परिचालन गर्ने
- स्वास्थ्य कार्यक्रम हरु सञ्चालन गर्ने

३.४ समुदाय (FCHV, आमा समूह, वडास्तरका स्वास्थ्य समितिहरू)को भूमिका

- समुदायमा जनचेतना कार्यक्रम
- स्वास्थ्य जानकारी र तथ्यांक संकलनमा सहयोग
- तालुक स्वास्थ्य सस्थाहरुले तोकेका कार्यहरु गर्ने
- स्वास्थ्य कार्यक्रमहरुको पृष्ठपोषण तालुक स्वास्थ्य सस्थामा जानकारी गराउने

नौगाड गाउँपालिका स्वास्थ्य सेवा सुदृढीकरण परियोजना कार्यान्वयन म्यानुअल

## परिच्छेद ४ः परियोजनाको आर्थिक स्रोत व्यवस्थापन, दिगोपना र बहिर्गमन

### ४.१ आर्थिक स्रोत व्यवस्थापनः

यस परियोजनाको स्रोत व्यवस्थापन वार्षिक रुपमा गाउँपालिकाको आन्तरिक आय, समानिकरण अनुदानबाट प्राप्त रकम र राजश्व वाडफाटबाट  गाउँसभाले विनियोजन गरे बमोजिम हुने छ। चालु आर्थिक वर्ष २०८२।८३ मा  रु १०००००  आगामी आर्थिक वर्ष  २०८३।८४ मा रु  २ करोड आर्थिक वर्ष २०८४।८५ मा २ करोड ५० लाख विनियोजन गर्नुपर्ने छ।

### ४.२ परियोजनाको दिगोपना

यस परियोजनाको दिगोपनाका लागि नौगाड गाउँपालिकाले देहाय कार्य गर्नेछ ।

### ४.३ परियोजनाको बहिर्गमन

यस परियोजना लागु भए पश्चात् परियोजनाबाट बहिर्गमनको हुने निर्णय र सर्वाधिकार गाउँ सभामा निहित रहनेछ ।

नौगाड गाउँपालिका स्वास्थ्य सेवा सुदृढीकरण परियोजना परियोजना कार्यान्वयन म्यानुअल

## परिच्छेद ५: विविध

५.१ परियोजनाको अवधिः

यो परियोजनाको अवधि ५ बर्षको हुनेछ। नतिजा मूल्याकनका आधारमा परियोजनाको अवधि थप गर्न सकिनेछ ।

५.२ अनुगमन तथा मुल्याङ्कनः

परियोजनाको अनुगमन मूल्याकन प्रचलित कानुन बमोजिम हुनेछ ।

५.३ यसै कार्यविधि बमोजिम हुनेः

हाल स्वास्थ्य सँस्थाहरुमा कार्यरत जनशक्ति परियोजना लागु भएको मितिदेखि यसै परियोजनाकै जनशक्ति मानिनेछन ।

५.४ अमान्य हुनेः

यो परियोजना संघीय कानुन र प्रदेश कानुन सँग बाझिएमा बाझिएको हद सम्म अमान्य हुनेछ ।

५.५ बाधा अड्काउ फुकाउ

परियोजनाको बाधा अड्काउ फुकाउ लगायतका संशोधन गर्नुपरेमा गाउँकार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

५.६ संशोधनः

परियोजनामा आवश्यक संशोधन कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

नौगाड गाँउपालिका स्वास्थ्य सेवा सुद्दीकरण परियोजना परियोजना कार्यान्वयन म्यानुअल

आज्ञाले,
पुष्कर सिह धामी
प्रमुख प्रशासकीय अधिकृत